बैंठक संख्या:- १०

आज मिति २०८२/०१/०५ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | [signature] |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | [signature] |
| ३. | श्री टुक्की शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | [signature] |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | [signature] |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | [signature] |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | [signature] |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | [signature] |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | [signature] |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ७ | [signature] |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | [signature] |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडा नं. ९ | [signature] |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | [signature] |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | [signature] |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | [signature] |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | [signature] |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | [signature] |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | [signature] |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | [signature] |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | [signature] |
| २२. | | | |
| २३. | | | |

निर्णयहरु:

| क.सं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा | यस नगरपालिकाको कार्यपालिकाको अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयन भएको समीक्षा भयो । |
| २ | कार्य विधि संशोधन गर्ने | सोलुदुधकुण्ड नगरपालिकाको सामुदायिक उच्च शिक्षण संस्थाको लागि अनुदान सम्बन्धी कार्यविधि, २०८० (प्रथम संशोधन, २०८२) स्वीकृत गर्ने । |
| ३ | आर्थिक सहयोग | देहायमा उल्लिखित व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने । |

| क.सं. | आर्थिक सहायता प्राप्त गर्ने लाभग्राही | ठेगाना | कारण | रकम | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | भीम माया वि.क. | सोलु दु.न.पा.२ | पहिरोका कारण घर आंशिक क्षती | १,००,००० | जिल्ला दैवी प्रकोप उद्धार कोषबाट प्राप्त रकमबाट |
| २ | पञ्च बहादुर नेवार | सोलु दु.न.पा.२ | पहिरोका कारण घर आंशिक क्षती | १,००,००० | |
| ३ | संगिता वि.क. | सोलु दु.न.पा.२ | पहिरोका कारण घर आंशिक क्षती | १,००,००० | |
| ४. | जित बहादुर वि.क. | सोलु दु.न.पा.२ | पहिरोका कारण घर आंशिक क्षती | १,००,००० | |
| ५ | पासाङ शेर्पा | सोलु दु.न.पा.२ | पहिरोका कारण घर आंशिक क्षती | १,००,००० | |
| ६ | पासाङ तामाङ | सोलु दु.न.पा.२ | मृगौला उपचार | १,००,००० | वडा विपद व्यवस्थापन कोष |
| | धनजीत राई | सोलु दु.न.पा.१ | आगलागी | ५०,००० | |
| ७ | डिमा शेर्पा | सोलु दु.न.पा.६ | आगलागी | ५०,००० | विपद व्यवस्थापन कोष |
| ८ | गोपाल भुजेल | सोलु दु.न.पा.११ | हावाहुरीले छानो उडाएको | २५,००० | |
| ९ | भीमसेनथान मा.वि. | सोलु दु.न.पा.११ | हावाहुरीले छानो उडाएको | २५,००० | |
| १० | श्याम बहादुर वि.क. | सोलु दु.न.पा.११ | हावाहुरीले छानो उडाएको | २५,००० | |
| ११ | मान बहादुर दमाई | सोलु दु.न.पा.११ | हावाहुरीले छानो उडाएको | २५,००० | |
| १२ | आङ गेलु शेर्पा, | सोलु दु.न.पा.३ | हावाहुरीले छानो उडाएको | २५,००० | |
| १३ | छिरिङ शेर्पा | सोलु दु.न.पा. ६ | हावाहुरीले छानो उडाएको | २५,००० | |
| १४ | जने वि क | सोलु दु.न.पा.११ | हावाहुरीले छानो उडाएको | २५,००० | |

<table>
<tr><td></td><td>
<table>
<tr><td>१५</td><td>छिरिङ तामाङ</td><td>सोलु दु.न.पा.५</td><td>सडक दुर्घटनाका कारण स्वास्थ्य उपचार</td><td>१,००,०००</td><td></td></tr>
</table>
थाइल्याण्डमा सम्पन्न भएको मोडल टुरिजम एम्वेस्डर वर्ल्डमा नेपालको प्रतिनिधित्व सहभागी गराई विजेता वन्नु भएका नेचासल्यान गाउँपालिका वडा नं. २ का सम्भव राउत क्षेत्रीलाई उत्प्रेरणा जगाउन रु २५,०००.०० विविध खर्च शीर्षकवाट आर्थिक सहायता उपलव्ध गराउने ।
<hr>
नेपाल प्रहरीको प्रतिनिधित्व गर्दै सगरमाथा आरोहण गर्न लाग्नु भएको सोलुदुधकुण्ड नगरपालिका वडा नं. कुञ्जाङ छोपेल शेर्पालाई रु एक लाख यसै नगरपालिका वडा नं. १ निवासी याङडी लामाले सगरमाथा आरोहण गर्न लाग्नु भएको हुँदा रु एक लाख गरी जम्मा रु दुई लाख आर्थिक सहायता पर्यटन प्रवर्द्धन खर्च शीर्षकबाट उपलव्ध गराउने ।
<hr>
नेपाल योग खेलकूद संघ मार्फत विश्व योग खेलकूद प्रतियोगितामा सहभागी आङ छिरिङ लामालाई रु २५,०००.०० र मिरमिरे एकता युवा क्लव वडा नं. ३ बाट सञ्चालन गरिने वडा स्तरीय जुनियर भलिबल प्रतियोगिताका लागि ५०,०००.०० का दरले गरी रु ७५,०००.०० खेलकूद शीर्षकवाट उपलव्ध गराउने ।
</td></tr>
<tr><td>अन्तरपालिका समन्वयात्क कार्यक्रम र सहयोग</td><td>
क) मिति २०८१।११।०४ गते हलेसी तुवाचुङ नगरपालिकाको हलेसी बजारमा भएको भिषण आगलागीवाट पिडित परिवारको पुनःस्थापनाका लागि अन्तर स्थानीय तह सहकार्य स्थापना गर्न विपद व्यवस्थापन कोषबाट रु २ लाख र पाहिला पाहिलाको आशावाट यस नगरपालिकाको विविध खर्च खातामा प्राप्त भएको रकम रु ३ लाख गरी रु ५ लाख एकमुष्ट रुपमा हलेसी तुवाचुङ नगरपालिकाको खातामा निकासा गरिएको रकम समर्थन गर्ने ।<br>
ख) खुम्वु पासाङल्हामु गाउँपालिका वडा नं. १ को खरिखोला माध्यमिक विद्यालयले आयोजना गरेको खुम्वु पासाङल्हामु गाउँपालिका स्तरीय खुला पुरुप भलिबल प्रतियोगिताका लागि रु ३ लाख रकम खेलकूद शीर्षकबाट उपलव्ध गराउने ।
</td></tr>
<tr><td>बजेट विनियोजन तथा खर्च समर्थन</td><td>
क) राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन विभागवाट प्राप्त रु. ५० लाख मध्ये बाँकी बजेट देहाय अनुसार खर्च गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th><th>प्रकार</th></tr>
<tr><td>१</td><td>सिसाखोला सडक स्तरोन्नति</td><td>२०,००,०००.००</td><td>विनियोजन</td></tr>
<tr><td>२</td><td>वोङछु शेर्पा मेमोरियल अस्पतालमा ग्यावित वाल</td><td>५,००,०००.००</td><td>विनियोजन</td></tr>
<tr><td>३</td><td>विपद व्यवस्थापन सामाग्री खरिद</td><td>१,९०,०००.००</td><td>खर्च समर्थन</td></tr>
</table>
ख) यस नगरपालिकाको आवधिक योजना पुनरावलोकन गर्नका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट रु ७ लाख सम्वन्धित परामर्शदातालाई भुक्तानी हुने तर उक्त योजना आवधिक योजना पुनरावलोकन गर्न रु १० लाख बजेट खर्च हुने भएकाले नपुग बजेट रु ३ लाख समपूरक कोषबाट खर्च लेख्ने ।<br>
ग) नगरपालिकाको पर्यटकीय तथा विकासको पूर्वाधारको श्रव्य दृश्य निर्माण गर्नका लागि रु ३ लाख बजेट पर्यटन प्रवर्द्धन शीर्षकवाट खर्च लेख्ने ।
</td></tr>
<tr><td>भुक्तानी</td><td>५ नं. वडा कार्यालयको मोटर साईकल खरिद गर्न अपुग रकम रू.१,५०,०००।— नगरस्तरीय मेशिनरी औजार शीर्षकबाट भुक्तानी गर्ने ।</td></tr>
<tr><td>असाधारण विदा स्वीकृत</td><td>यस कार्यालय अन्तर्गत सल्लेरी स्वास्थ्य चौकीमा कार्यरत जनस्वास्थ्य निरीक्षक भुपेन्द्र राना मगर र गार्मा स्वास्थ्य चौकी मा कार्यरत सि.अ.न.मी. छैटौं पासाङ पुटी शेर्पाले असाधारण विदा पाउँ भनी निवेदन पेश गरेको हुँदा कोशी प्रदेशको स्थानीय सरकारी सेवा सञ्चालन ऐन.</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>२०८० को दफा १२१ अनुसार निजहरुको मिति २०८२।०१।२३ गतेदेखि लागू हुने गरी एक वर्षका लागि असाधरण बिदा स्वीकृत गर्ने ।</td></tr>
<tr><td>९</td><td>सरुवा (अन्यत्र स्थानीय तह जाने) सहमति</td><td>यस कार्यालय अन्तर्गत तिङ्ला स्वास्थ्य चौकीमा कार्यत अ.हे.व. चन्द्र कुमारी कार्कीले हलेसी तुवाचुङ नगरपालिका खोटाङमा सरुवा भई जानका लागि सरुवा सहमति माग गर्नु भएको हुँदा कोशी प्रदेशको स्थानीय सरकारी सेवा सञ्चान ऐन. २०८० को दफा २४ को उपदफा ४ बमोजिम निजलाई सरुवा सहमति उपलब्ध गराउने ।</td></tr>
<tr><td>१०</td><td>स्थायी पदपूर्तीका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फर्म पेश गर्ने</td><td>यस कार्यालयमा रिक्त रहेका देहायका पदहरु स्थायी पदपूर्तीका लागि प्रदेश लोक सेवा आयोग विराटनगरमा माग आकृति फर्म भरी पेश गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>पद नाम</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>मेडिकल अधिकृत आठौं (वोङछु शेर्पा मेमोरियल अस्पताल)</td><td>१</td></tr>
<tr><td>२</td><td>जनस्वास्थ्य अधिकृत सातौं</td><td>१</td></tr>
<tr><td>३</td><td>बाली संरक्षण अधिकृत सातौं</td><td>१</td></tr>
<tr><td>४</td><td>पशु विकास अधिकृत सातौं</td><td>१</td></tr>
<tr><td>५</td><td>खाद्य गुणस्तर नियन्त्रण अधिकृत सातौं</td><td>१</td></tr>
<tr><td>६</td><td>अधिकृत सातौं प्रशासन सेवा</td><td>१</td></tr>
<tr><td>७</td><td>स्टाफ नर्स १ (वोङछु शेर्पा मेमोरियल अस्पताल)</td><td>१</td></tr>
<tr><td>८</td><td>प्रा.स. सहायक चौथो कृषि</td><td>१</td></tr>
<tr><td>९</td><td>प्रा.स. सहायक चौथो पशु</td><td>१</td></tr>
<tr><td>१०</td><td>रेडियोग्राफर १(वोङछु शेर्पा मेमोरियल अस्पताल)</td><td>१</td></tr>
<tr><td>११</td><td>हे.अ. /अ.हे.ब. ७(स्वास्थ्य चौकी)</td><td>७</td></tr>
<tr><td>१२</td><td>फार्मेसी सहायक १(वोङछु शेर्पा मेमोरियल अस्पताल)</td><td>१</td></tr>
<tr><td>१३</td><td>अ.न.मी. (स्वास्थ्य चौकी)</td><td>२</td></tr>
<tr><td>१४</td><td>सब ईन्जिनियर</td><td>३</td></tr>
</table></td></tr>
<tr><td>११</td><td>फोहोर मैला व्यवस्थापन</td><td>सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र विकास निर्माणबाट उत्सर्जन भएको फोहोरमैलाको उचित व्यवस्थापनको लागि सम्बन्धित निर्माण व्यवसायी र उपभोक्ता समिति मार्फत नै व्यवस्थापन हुन पत्रचार गर्ने ।</td></tr>
<tr><td>१२</td><td>पहुँच सडक बन्द गर्ने</td><td>सोलुदुधकुण्ड नगरपालिका क्षेत्र भित्रका काठ व्यवसायीहरुले जङ्गलमा आफू खुशी रोडबाट पहुँच सडक खोलेको कारण नगर क्षेत्रभित्र भू-क्षय र पहिरोको जोखिम बढेकाले त्यस्तो पहुँच सडक खोल्ने कार्य तुरुन्त बन्द गर्ने । पहुँच सडक खोल्नु पर्ने आवश्यकताको महशुस भएमा नगरपालिकाको स्वीकृत लिएर मात्र ट्र्याक ओपन गर्न दिने ।</td></tr>
<tr><td>१३</td><td>फोहोर मैला व्यवस्थापन तथा सरसफाई अभियान सञ्चालन</td><td>नगर क्षेत्रका सम्पूर्ण निजी तथा सामुदायिक विद्यालयको वातावरण सरसफाई अभियान आफ्नो शैक्षिक क्यालेण्डरमा समावेश गरी कम्तीमा महिनाको १ दिन विद्यालय क्षेत्रभित्र र आसपासमा फोहोर मैला नियन्त्रण र फोहोर मैला व्यवस्थापन तथा सरसफाई अभियान सञ्चालन गर्न विद्यालयलाई निर्देशन दिने ।</td></tr>
</table>

| | | |
|---|---|---|
| १४ | कालोपत्रे सडकमा ट्रयाक्टर सञ्चालनमा रोक | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी वर्षादको समयमा नगरपालिका क्षेत्रको कालोपत्रे सडकमा ट्रयाक्टर र कच्ची सडकमा १० चक्के ट्रक तथा ट्रयाक्टर सञ्चालनमा रोक लगाउने । |
| १५ | विद्यार्थी भर्ना अभियान | शिक्षक महासङ्घको आह्वानमा सञ्चालन भई रहेको आम हड्तालको नगरपालिकाद्वारा समर्थन गर्ने । तर, शैक्षिक क्यालेण्डरअनुसार प्रत्येक वैशाख २ गतेदेखि १५ गतेसम्म विद्यालयले विद्यार्थी भर्ना अभियान सञ्चालन गर्नु पर्ने प्रावधानअनुसार सबै शिक्षकहरु आम हड्तालमा काठमाण्डौमा सहभागी हुँदा विद्यार्थी भर्ना अभियान नै प्रभावित बनी विद्यार्थीहरुको शिक्षा सम्बन्धी मौलिक हक हनन भएको हुँदा नगरपालिका भित्रको विद्यार्थी भर्ना अभियान शैक्षिक क्यालेण्डर अनुसार तत्काल कार्यान्वियन गर्न विद्यालयहरुलाई निर्देशन दिने । |
| १६ | कृषि यन्त्रीकरण कार्यक्रम | नगरपालिकाको कृषि उत्पादनलाई वृद्धि गर्न तथा कृषिमा युवाहरुलाई उत्प्रेरणा जगाई सहभागी गराउन नगरपालिकाको कृषि उत्पादन हुने वडाहरुलाई क्रमशः कृषि यन्त्रीकरण कार्यक्रम सञ्चालन गर्ने र चालु आ.व. २०८१।०८२ मा उक्त कार्यक्रम वडा नं. ८ र ११ मा कार्यान्वयन गर्ने । |
| १७ | योजना सम्पन्न | चालु आर्थिक वर्ष २०८१।०८२ मा उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयनमा रहेका सम्पूर्ण आयोजनाहरु सम्झौता अवधिभित्रै सम्पन्न गर्न सम्बन्धित वडा कार्यालय, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने । |
| १८ | भोकेशनल ट्रेनिङ सेण्टरको उद्घाटन | सोलुदुधकुण्ड नगरपालिका र SOLUCHAM को संयुक्त लगानीमा स्थापित नुम्बुर भोकेशनल ट्रेनिङ सेण्टरको उद्घघाटन तथा सञ्चालन गर्ने । |
| १९ | | व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ अनुसार व्यक्तिगत घटना पूर्णता भएको स्थानीय तह घोषणा गर्न देहाय अनुसारको अनुगमन, मूल्याङ्कन तथा सिफारिस समिति गठन गर्ने<br>क) उपप्रमुख श्री गान्धी माया तामाङ - संयोजक<br>ख) सामाजिक विकास समितिका संयोजक श्री सोनाम ग्याल्जेन शेर्पा - सदस्य<br>ग) स्वास्थ्य शाखा प्रमुख श्री चमर बहादुर मगर - सदस्य<br>घ) सोलुखुम्बु जिल्ला हेर्ने तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारी श्री विकास मल्ल - सदस्य<br>ङ) पञ्जीकरण सम्बन्धी विषय हेर्ने शाखा प्रमुख प्रदिप शाक्य - सदस्य सचिव |
| २० | नागरिक सेवाका लागि एकीकृत शिविर | नगरपालिका स्थायी ठेगाना भई विभिन्न रोग, अशक्त, वृद्ध तथा अपाङ्गता भएका कारण सेवा लिन वडा कार्यालय तथा नगरपालिका उपस्थित हुन नसकेका सेवाग्राहीहरुलाई लक्षित गरी २०८२ जेठ पहिलो हप्ता काठमाण्डौमा एकीकृत शिविर सञ्चालन गरी सेवा प्रवाह गर्ने । |
| २१ | भुक्तानी | साहसिक पर्यटनलाई प्रवर्द्धन गर्दै देशलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने, युवा प्रतिभालाई प्रोत्साहन गर्ने र खेलकुदमार्फत सामाजिक एकता र राष्ट्रिय गौरव वढाउने प्रमुख उद्देश्य राखी 15th November- 2024 देखि 20th November- 2024 सम्म पत्ताले-धाप-लुम्सा-पिके-जुनवेशी-टाक्सिन्दु-खरिखोला-लुक्ला-नाम्चे-फोर्चे हुँदै फर्केर खुम्जुङ-खुन्दे-नाम्चे-लुक्लासम्मको १७० किलोमिटर लामो "एभरेष्ट ट्रेल रेस प्रतियोगिता" का लागि पर्यटन प्रवर्द्धन शीर्षकबाट रु ५ लाख अनुदान वापत भुक्तानी गर्ने । |

<table>
<tr>
<td>१२</td>
<td>रकम विनियोजन</td>
<td>
क) सञ्चार तर्फ विनियोजन रकम रु १५ लाख बजेट देहाय अनुसार खर्च लेख्न ब्रेक डाउन गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>सञ्चार संस्थाको नाम</th><th>रकम</th><th>कार्यक्रम</th></tr>
<tr><td>१</td><td>रेडियो एभरेष्ट</td><td>९,००,०००.००</td><td>सबै वडामा सार्वजनिक सुनुवाई</td></tr>
<tr><td>२</td><td>सत्य प्रेस प्रा.लि.</td><td>२,००,०००.००</td><td>सूचना प्रशारण</td></tr>
<tr><td>३</td><td>दूधकोशी खबर</td><td>१,००,०००.००</td><td>सूचना प्रसारण</td></tr>
<tr><td>४</td><td>रहस्य साप्ताहिक</td><td>१,००,०००.००</td><td>सूचना प्रसारण</td></tr>
<tr><td>५</td><td>सानदार मिडिया</td><td>२,००,०००.००</td><td>विकास निर्माणको भिडियो सामाग्री निर्माण, सामाजिक सन्देश उत्पादन तथा प्रशारण</td></tr>
</table>
ख) १ नं. वडा कार्यालय भवन निर्माण गर्दा भवन निर्माणस्थलको तल्लो क्षेत्रमा ग्याबिन वाल स्ट्रक्चर निर्माण गर्नु पर्नेमा सो आइटम भवन निर्माणको बोलपत्रमा नसेमेटिएकाले चालु आ. व. को वडास्तरीय बजेट तथा कार्यक्रममा रु १० लाख बजेट विनियोजन गरी ८३९ व.मि. ग्याबिन वालको स्ट्रक्चर निर्माण गर्न दरभाउ पत्र खरिद विधिबाट कार्य लगाईएकोमा उक्त परिमाण अपर्याप्त भएको साथै भवनको सुरक्षा तथा संरक्षणका लागि बाँकी ग्याबिन वाल स्ट्रक्चर अनिवार्य देखिएको हुनाले कार्य पूरा गर्न रु १० लाख आन्तरिक स्रोतबाट बजेट विनियोजन गर्ने र उक्त बजेट आगामी नगर सभामा पेश गर्ने ।<br>
ग) आवाडाँडा ढल निर्माण गर्नका लागि आन्तरिक स्रोतबाट रु २ लाख ६० हजार बजेट विनियोजन गर्ने ।<br>
घ) नगरपालिकाको विकास निर्माण र पर्यटकीय गतिविधिहरुको डकुमेण्ट्री निर्माण गर्नका लागि पर्यटन प्रवर्द्धन कार्यक्रमबाट रु ३ लाख बजेट विनियोजन गर्ने ।
</td>
</tr>
<tr>
<td>१३</td>
<td>आयोजना/ कार्यक्रम माग</td>
<td>
आगामी आ.व. २०८२।०८३ मा प्रदेश समपूरक अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रम तर्फ देहायमा उल्लिखित आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय विराटनगरमा प्रस्ताव पेश गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>योजना/ कार्यक्रमको नाम</th><th>सञ्चालन हुने वडा</th></tr>
<tr><td>१</td><td>छिनाक्पु-रातनाङ्गे सडक स्तरोन्नति</td><td>वडा नं. ४</td></tr>
<tr><td>२</td><td>तामाखानी स्वास्थ्य चौकी भवन निर्माण</td><td>वडा नं. ३</td></tr>
<tr><td>३</td><td>सिसाखोला तटबन्ध निर्माण</td><td>वडा नं. ८,९ र १०</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१४</td>
<td>यातयात सञ्चालन</td>
<td>काठमाण्डौबाट सल्लेरी हुँदै खुम्बु पासाङल्हामु गाउँपालिका लगायत अन्य स्थानीय तहहरु र खुम्बु पासाङल्हामु गाउँपालिका लगायत अन्य स्थानीय तहबाट सल्लेरी हुँदै काठमाण्डौ तर्फ छुट्ने सवारी साधनका लागि यातायात व्यवसायीहरुबाट समय व्यवस्थापन तथा स्थान व्यवस्थापन नभएको हुँदा यात्रुहरु अलपत्र परेको भनी जनगुनासो प्राप्त भएको हुँदा सम्बन्धित यातायात व्यवसायी, प्रहरी प्रशासनसँग समन्वय गरी काउण्टर, समय तथा स्थान व्यवस्थापन गर्ने ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| २५. | प्रस्ताव पेश र लागत सहभागिताको प्रतिवद्धता | श्री रमाइलो ज्योति आधारभूत विद्यालय सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ ले भारतीय सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत सोलुखुम्बु जिल्ला सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ स्थित श्री रमाईलो ज्योति आधारभूत विद्यालयको विद्यालय भवन निर्माण सम्बन्धी आयोजनाको प्रस्ताव सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्न सिफारिस गर्ने र उक्त आयोजनाका लागि यस नगरपालिकाबाट १० प्रतिशतले हुन आउने रकम समपूरक कोषबाट उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्ने । |
| २६ | वडा कार्यालयको लागि जग्गा प्राप्ति सम्बन्धमा । | यस सोलुदुधकुण्ड नगरपालिका वडा नं ७, स्थित गार्माको वडा कार्यालयको प्रयोजनका लागि जग्गा आवश्यक भएकाले सोही वडा निवासी श्री तेन्जी लामाको नाममा दर्ता कायम रहेको साविक गार्मा गा.बि.स. वडा नं ७ स्थित कि.नं ७५२ को दक्षिण बीच तर्फबाट ५०८.७४ व.मी. क्षेत्रफल भएको जग्गा सोलुदुधकुण्ड नगरपालिका वडा नं ७, को वडा कार्यालयको नाममा निःशुल्क उपलब्ध हुने भएको साथै सोलुदुधकुण्ड नगरपालिका वडा नं ३, स्थित तामाखानीमा वडा कार्यालय र स्वास्थ्य चौकीका लागि जग्गा आवश्यक भएकाले सोही वडा निवासी श्री दावा जाडवु शेर्पा र श्री आङ माया लामाको संयुक्त नाममा दर्ता कायम रहेको साविक तामाखानी गा.बि.स. वडा नं ६ सिट नं. १६५-०१२६ मा पर्ने कि.नं १५७ को पूर्व दक्षिण तर्फबाट २४० व.मी. क्षेत्रफल भएको जग्गा सोलुदुधकुण्ड नगरपालिका वडा नं ३, को वडा कार्यालयको नाममा तथा कि.नं १७६ को दक्षिण पश्चिम तर्फवाट २१९७.५० व.मी. क्षेत्रफल भएको जग्गा सोलुदुधकुण्ड नगरपालिका वडा नं ३, स्थित तामाखानी स्वास्थ्य चौकीको नाममा निःशुल्क उपलव्ध हुने भएको हुँदा उक्त जग्गाहरु वडा कार्यालय तथा स्वास्थ्य चौकीको प्रयोजनका लागि सडक, विद्युतको पहुँच, स्थानीय नागरिकहरुलाई सेवा प्रवाहको दृष्टिकोणले समेत केन्द्रमा पर्ने हुँदा उपर्युक्त देखिएकाले नियमानुसार उल्लेखित जग्गाहरु सम्वन्धित कार्यालयको नाममा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलव्ध गराउने सम्बन्धी कार्यनीति २०७९, (संशोधन सहित २०८२) मा व्यवस्था भएबमोजिम जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने । |
| २६. | खेलकूद तथा साँस्कृतिक कार्यक्रमका लागि सहयोग सम्वन्धमा । | १. सोलुदुधकुण्ड न.पा. अन्तर्गत वडा नं. ११ मा रहेको लौरेश्वर दलित यूवा समाजले आयोजना गर्ने खुल्ला वडा स्तरीय भलिवल प्रतियोगिता तथा साँस्कृतिक कार्यक्रम संचालनका लागि नगरपालिकाको खेलकूद शीर्षकवाट रु. ३,००,०००/- (तीन लाख) रकम विनियोजन गर्ने।<br>२. २५६९ औ बुद्ध जयन्ती कार्यक्रमका लागि नेपाल तामाङ घेदुङ संघ जिल्ला कार्य समिति सोलखुम्वुलाई धार्मिक संघ संस्थालाई विनियोजित वजेटबाट रु. २,००,०००/- (दुई लाख) रकम विनियोजन गर्ने।<br>३. २१५२ औ ग्याल्पो ल्होसार कार्यक्रमका लागि नेपाल तामाङ शेर्पा संघ जिल्ला कार्य समिति सोलखुम्वुलाई धार्मिक संघ संस्थालाई विनियोजित वजेटबाट रु. ५०,०००/- (पचास हजार) रकम विनियोजन गर्ने। |